नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

## प्रेस विज्ञप्ती

### स्थायी लेखा नम्बर अनिवार्य सम्बन्धमा स्पष्ट गरिएको बारे ।

बि.सं. २०७६ वैशाख १ गतेबाट दोस्रो बजारमा एक पटकमा रु.५ लाख वा सोभन्दा बढी कारोवार (खरीद वा विक्री) गर्ने लगानीकर्ताहरुलाई स्थायी लेखा नम्बर (प्यान) अनिवार्य गर्ने र सो भन्दा कम लगानी गर्ने तथा साना लगानीकर्ताहरुलाई प्रोत्साहित गर्न हाललाई ऐच्छिक रुपमा गर्न सक्ने व्यवस्था गरिएकोमा कतिपय लगानीकर्ताहरुलाई यस वारेमा केही द्बुविधा भएको वुझिएकोले यसलाई प्रष्ट गरिएको छ ।

दोस्रो बजारमा धितोपत्र खरीद वा विक्री गर्दा दिनभरीको कारोवार वा पटक पटकको कुल कारोवारको नभई एक पटकमा रु ५ लाख वा सोभन्दा बढीको कारोवार गरेमा मात्र स्थायी लेखा नम्बर अनिवार्य हुने व्यहोरा जानकारी गराइन्छ ।

(निरंज गिरी)
प्रवक्ता

मितिः २०७५।१२।०७

Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal